नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोनः ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

मितिः- २०८३ असार १२ गते ।
ने.सं. ११४६

पत्र संख्याः २०८२/०८३
प्रा.प.सं. :

प्रेस विज्ञप्ती-८०

### ठगी, आपराधिक विश्वासघात सम्बन्धी कसूरमा पक्राउ ।

उपरोक्त सम्बन्धमा टुङ्गरम ईन्टरनेशनल एकेडेमी प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त राम चन्द्र बहाला श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी कर्मा छेरिङ शेर्पा समेत भएको जाहेरी सम्बन्धमा निज प्रतिवादी कर्मा छेरिङ शेर्पा समेतले टुङ्गरम ईन्टरनेशनल एकेडेमी प्रा.लि.को कार्यकारी प्रमुख भई एकल हस्ताक्षरबाट खाता सञ्चालन हुने जिम्मेवारी लिएकोमा कार्यरत अवधिमा आफ्नो जिम्मामा रहेको सम्पत्ति विभिन्न प्रपन्च गरी आफु र आफ्नालाई लाभ र विद्यालयलाई अनुचित नोक्सानी पुर्याउने नियतले कार्य गरी विभिन्न डर, त्रास, अनुचित प्रभावमा पारी विद्यालयको रु.८,७८,३०,८०२/- रकम हिनामिना गरेको, विद्यालयको भक्तपुर जिल्ला, दधिकोट गा.वि.स., वडा न.२ मा रहेको जग्गा मध्ये करिव २९-४-२-१ रोपनी जग्गा निज सम्बद्ध कम्पनीहरुलाई बिक्री गरेको, विद्यालयका लागि सवारी साधन खरिद गर्ने रकमबाट व्यक्तिगत तथा निज सम्बद्ध कम्पनीको नाममा जग्गा जमिन र सवारी साधन खरिद गरी विद्यालयको हक टुटाई आफ्नो जिम्मामा रहेको विद्यालयको रकम हिनामिना गरी आफ्नो व्यक्तिगत लाभ लिई **ठगी, आपराधिक विश्वासघात** सम्बन्धी कसूरमा कानून बमोजिम कारवाहीको लागि प्राप्त हुन आएको जाहेरी दरखास्त **सन्दर्भमा ठगी, आपराधिक विश्वासघात सम्बन्धी कसूर** शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धानको सिलसिलामा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. १ घर भई हाल काठमाडौ जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ६, गणेशचोक बस्ने वर्ष ५४ को **कर्मा छेरिङ शेर्पालाई** पक्राउ गरी अनुसन्धान गर्न सम्मानित काठमाडौं जिल्ला अदालतबाट पक्राउ पूर्जी जारी गर्ने अनुमति लिई आज मिति २०८३/०३/१२ गते निज **कर्मा छेरिङ शेर्पालाई** काठमाडौ जिल्ला, बुढानिलकण्ठ नगरपालिका, वडा नं. ६, गणेशचोकबाट पक्राउ गरी थप अनुसन्धान कार्य भई रहेको ।

अनुपम शमशेर ज.ब.रा.
(प्रहरी वरिष्ठ उपरीक्षक)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं.९८५१२९१३११